बैठक संख्या:- ११

आज मिति २०७९ साल श्रावण १३ गते शुक्रवारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन वुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

१) **निर्णय नं १-** बिर्तामोड नगरपालिका वडा नं ६, ७ र ८ साविक गरामनि वडा नं १ र २ तथा अनारमनि गाविसको वडा नं १ लाई छोएर जाने प्याकुरेल चोक देखि बुट्टाबारी जोड्ने सडक लम्बाई (६.२००मि.) नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बबरमहल काठमाण्डौको आर्थिक सहयोगमा निर्माण हुने भएकाले सडकको मापदण्ड अनुसार सडकको चौडाई ४० फिट कायम गरी सडकको नाममा कित्ताकाट गर्न भूमि सुधार तथा मालपोत कार्यालय झापामा नियमानुसार सिफारिस गर्ने निर्णय गरियो ।

२) **निर्णय नं २-** मिति २०७९।०३।२२ गते सम्पन्न नगर सभाबाट सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत कन्काई बिर्ता अर्जुन नवीकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लि. सँग सहकार्य र साझेदारीमा बिर्तामोड नगरपालिकाको फोहोरमैलालाई दिगो र प्रभावकारी रुपमा व्यवस्थापन गर्ने तथा उक्त साझेदारी परियोजनाका लागि बिर्तामोड नगरपालिकाले अधिकतम २ करोड सम्म शेयर पुजी लगानी गर्ने निर्णय भए अनुसार साझेदारी परियोजनामा शेयर पुँजी लगानी गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमति माग गरी अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।